# सटर/स्टल भाडामा दिने सम्वन्धी सूचना
## (सूचना प्रकाशित मिति २०८२।१२।१८)

घोराही उप महानगरपालिका वडा नं. १४ र १५ स्थित व्यवसायिक भवन र स्टलका तपशिल बमोजिमका सटर/स्टलहरु आर्थिक वर्ष २०८३/२०८४ सम्मका लागि भाडामा दिनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | व्यवसायिक भवन/स्टल रहेको स्थान र सटर/स्टल नम्बरहरु | न्यूनतम मासिक भाडा दर रु प्रति सटर/स्टल |
|---|---|---|
| १ | वडा नं १४ मा रहेको १० कोठे भवनको सटर नं. ३, [redacted], ५, ६, ८ र ९ प्रति सटर | ४५००।०० |
| २ | वडा नं १४ मा रहेको ९ कोठे भवनको सटर नं ५ र ९ प्रति सटर | ४५००।०० |
| ३ | वडा नं १४ मा रहेको ९ कोठे भवनको सटर नं ६ | ६८५०।०० |
| ३ | वडा नं १४ मा रहेको स्टल नं. २ | २४००।०० |
| ४ | वडा नं १५ मा रहेको तरकारी स्टलका स्टल नं १४,१५,१६,१७,२७,२८,२९ र ३० प्रति स्टल | २४००।०० |

१. शिलवन्दी दरभाउपत्र लिन ईच्छुक व्यक्तिले रु १०००। तिरी पछि फिर्ता नहुने गरि कार्यालयबाट दरभाउपत्र खरिद गर्नु पर्नेछ ।
२. शिलवन्दी दरभाउपत्रको साथ आफुले कवोल गरेको अंकको कम्तिमा १ एक महिना बराबरको रकम धरौटी वाफत यस कार्यालयको ने बै ली घोराहीमा रहेको यस कार्यालयको धरौटी खाता नं ०२७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।
३. शिलवन्दी दरभाउपत्र निवेदन पेश गरी स्वीकृत भइ सटर/स्टल भाडामा नलिएमा धरौटी वापतको रकम जफत हुनेछ ।
४. शिलवन्दी दरभाउपत्र खरिद गर्ने मिति २०८२।१२।२४ गते दिनको ५.०० बजे सम्म
(क) शिलवन्दी दरभाउपत्र दाखिला गर्ने कार्यालय: घोराही उप महानगरपालिका कार्यालय ।
(ख) शिलवन्दी दरभाउपत्र दाखिला गर्ने मिति: २०८२।१२।२५ गते दिनको १२.०० बजे सम्म ।
(ग) शिलवन्दी दरभाउपत्र खोलिने मिति: २०८२।१२।२५ गते दिनको ३.०० बजे ।
५. शिलवन्दी दरभाउपत्र खोलिने स्थान: घोराही उप महानगरपालिका कार्यालय ।
६. कबोल अंक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. सटर/स्टल भाडामा लिनेले विद्युत, खानेपानी महशुल स्वयंले बुझाउनु पर्नेछ ।
८. यस कार्यालयमा राजस्व बुझाउन बांकी बक्यौता रहेको व्यक्ति संस्थाहरुले दरभाउपत्र खरिद गर्न पाउने छैन ।
९. बार्षिक १० प्रतिसतका दरले भाडा रकम बृद्धि हुनेछ ।
१०. शिलवन्दी दरभाउपत्र दाखिला तथा खोलिने दिन सार्बजनिक बिदा परेमा बिदाको भोलि पल्ट हुनेछ ।
११. अन्य कुराको जानकारी चाहिएमा कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

कृष्ण कुमार के.सी.
वरिष्ठ प्रशासकीय अधिकृत

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत